# मानवीय पुनर्वाश कार्यक्रम

अष्ट्रेलिया समुदायको आत्म-निर्भर र सक्रिय सदस्यहरू बन्न आवश्यक दक्षता र ज्ञानको लागि मानवीय आधारमा प्रवेश गर्नेहरूका लागि मानवीय पुनर्वाश कार्यक्रम (Humanitarian Settlement Program - HSP) छोटकरीमा एचएसपी ले सहयोग प्रदान गर्दछ।

HSP मा सहभागी हुनु स्वैच्छिक हो र आवश्यकको आधारमा ग्राहकहरूलाई सेवाहरू मामला प्रबंधनको दृष्टिकोण मार्फत वितरित गरिन्छ।

सफल पुनर्वाशको आधारको रूपमा निम्नलिखित क्षेत्रहरुमा परिणाम प्राप्त गर्न को लागी HSP सेवा प्रदायकहरूले ग्राहकहरूलाई सहयोग गर्दछ ।

- रोजगार
- शिक्षा र प्रशिक्षण
- आवास
- अर्थ व्यवस्थापन
- भाषा सम्बन्धी सेवाहरू
- शारीरिक र मानसिक स्वास्थ्य र हकहित
- सामुदायिक सहभागिता र सञ्जाल
- पारिवारिक कार्यवाही र सामाजिक सहयोग
- न्याय

HSP अन्य पुनर्वाश र मुख्यधारा सेवाहरुसंग संयोजन गर्न को लागि डिजाइन गरिएको छ। ग्राहकहरूलाई अंग्रेजी सिक्न र आवश्यक शिक्षा र रोजगारीको पहिचानहरू प्राप्त गर्न यो संग एकदमै केन्द्रित छ जस्ले यी क्षेत्रमा हने सकारात्मक परिणामहरूले मानवीय आगन्तुकहरूलाई आष्ट्रेलियन जीवनमा एकीकृत हुन मद्दत गर्दछ।

## HSP अन्तर्गत प्रदान गरिने समर्थन

HSP मामला प्रबन्धकहरूले ग्राहकहरूलाई व्यक्तिगत रूपमा मामिला व्यवस्थापन योजना विकास गर्न र उनीहरूलाई पहिचान गरिएका आवश्यकताहरूको अनुरूप एककृत सेवा वितरण गर्न सहयोग गर्दछ।

सेवाहरूमा प्रारम्भिक व्यावहारिक समर्थन समावेश गर्दछ जस्तै:

- एयरपोर्टमा गरिने स्वागत
- आगमन हुनासाथको आवास र सरसामानहरुको चिनारी
- प्रारम्भिक खाना र आधारभुत आवश्यक वस्तुहरूको प्याकेजको प्रावधान
- सेन्टरलिंक (Centrelink), मेडिकेयर (Medicare) र बैंक संग दर्ता हुन सहयोग
- तत्कालै स्वास्थ्यको आवश्यकतालाई सम्बोधन गर्ने
- आकस्मिक अवस्थामा के गर्ने र दोभाषे सेवाहरू कसरी पहुँच गर्ने बारे निर्देशनहरू
- स्थानीय सेवाको चिनारी।

ग्राहकहरूलाई सहयोग पुर्याउने उपलब्ध अन्य सेवाहरू आफ्नो सम्झौताका परिणामहरू प्राप्त गर्नका लागि निम्न कुराहरु समावेश छन्:

- एक तटवर्ती अभिमुखिकरण कार्यक्रम जसले अष्ट्रेलियाको जीवन र मान्यताहरुको बारेमा ग्राहकहरुलाई ज्ञान दिने गर्दछ
- दीर्घकालीन आवासमा खोज्नको लागि सहयोग
- स्वास्थ्य र परिवार समर्थन सेवा सहित मुख्यधारा सेवाहरू पहुँच गर्न सहयोग
- स्थानीय समुदाय समूह र गतिविधिहरूमा सम्पर्क गराईदिने
- वयस्क आप्रवासी अंग्रेजी कार्यक्रम (Adult Migrant English Program - AMEP) मा भर्ना हुन सहयोग र कक्षाहरुमा उपस्थित हुने
- आउनु अघिका दक्षता र योग्यताहरूका पहिचान गर्न सान्दर्भिक शिक्षा र प्रशिक्षणमा भर्ना हुन मद्दत गर्ने
- रोजगारी सेवाहरूसँग संलग्न गर्न सहयोग, रोजगारी रणनीतिहरू लागू र व्यवसाय स्थापना गर्नका लागि समर्थन सेवाहरू।

HSP सेवा प्रदायकहरूले अनलाईन निवेदन भर्न र पेश गर्न असमर्थ हुने योग्य (Free Translating Service - FTS) का सेवाग्राही हरूला लागि निःशुल्क अनुवाद सेवा FTS छोटकरीमा एफटिएस सुविधा दिन सक्छन्।

ग्राहकहरूको योजनामा पहिचान गरिए अनुसार स्थायित्वका परिणामहरू मामिला व्यवस्थापन योजना अनुकूल भएको स्थापित गरिएपछीको आधारमा HSP बाट अवकास प्राप्त गर्न सक्दछन्। यी परिणामहरू प्रायजसो ग्रहाकहरुका लागि अष्ट्रेलियाको आगमनमा ६ देखि 18 महिना भित्र हासिल हुनेछ।

## विशिष्ट तथा सघन सेवाहरू

एचएसपी HSP मानवीय आधारमा प्रवेशगरेकाहरु र जटिल आवश्यकता भएका अन्य योग्य भिसा बाहकहरूलाई (Specialised and Intensive Services - SIS) प्रदान गर्दछ।

SIS ले प्रस्तावित ग्राहकहरूलाई छोटो-समयको समर्थन (सामान्यतया, छ महिना सम्म) प्रदान गर्दछ जसले उनीहरूलाई उपयुक्त प्रमुख सेवाहरू पहुँच गर्न र उनीहरूको आवश्यकताहरूलाई स्वतन्त्र रूपमा व्यवस्थापन गर्न आवश्यक दक्षताहरू विकास गर्न मद्दत पुर्याउँछ।

को SIS प्राप्त गर्न व्यक्तिको लागि गरिएको सिफारिसलाई सामाजिक सेवा विभाग (Department of Social Services - DSS) छोटकरीमा डिएसएस ले अनुमोदन गर्नु पर्छ। सिफारिस कसरी गर्ने भन्ने बारे जानकारीको लागि "कुनै व्यक्तिलाई SIS को लागि कसरी सिफारिस गर्न सकिन्छ" - हेर्नुहोला।

# HSP पहुँच गर्ने

जब कुनै एक व्यक्तिलाई अष्ट्रेलियामा पुन: स्थानान्तरण गर्न निम्न भिसाहरू मध्ये एक प्रदान गरिएको छ भने, उनीहरूलाई HSP अन्तर्गत अष्ट्रेलियामा पुग्न समर्थनको लागि डिएसएस DSS ले HSP सेवा प्रदायकमा सिफारिस गरिन्छ।

- शरणार्थी (Refugee) (उपवर्ग 200, 201, 203 र 204) भिसा; र
- ग्लोबल विशेष मानवीय (Global Special Humanitarian) (उपवर्ग 202) भिसा *

*सब-क्लास 202 भिसा प्रदान गरिएको व्यक्तिहरूलाई सामुदायिक सहयोग कार्यक्रम (Community Support Program - CSP) अन्तर्गत अष्ट्रेलियामा उनीहरूको आगमनमा HSP अन्तर्गतका सहयोगमा पहुँच पाउन योग्य छैनन् किनभने उनीहरूले उनीहरूको स्वीकृति प्रस्ताव गर्ने संगठन (Approved Proposing Organisation) बाट स्थायित्वको सेवा प्राप्त गर्छन्। CSP बारे जानकारी गृह मामिला विभाग (Department of Home Affairs) को वेबसाइट www.homeaffairs.gov.au मा उपलब्ध छ। DSS गर्ने स्वीकृतिको शर्तमा, CSP प्रवेशकर्ताहरू SIS प्राप्त गर्न योग्य हुन सक्छ।

## SIS योग्यता

डिएसएस DSS को सिफारिसको शर्तमा, निम्न भिसा मध्ये कुनै एक भएका व्यक्तिले HSP को मातहतमा SIS प्राप्त गर्न योग्य हुन सक्छ:

- शरणार्थी (Refugee) (उपवर्ग 200, 201, 203 र 204) भिसा; र
- ग्लोबल विशेष मानवीय (Global Special Humanitarian) (उपवर्ग 202) भिसा
- संरक्षण (Protection) (उपवर्ग 866) भिसा; र
- अस्थायी संरक्षण (Temporary Protection) (उपवर्ग 785), अस्थायी मानवीय बसाई (Temporary Humanitarian Stay) (उपवर्ग 449), अस्थायी संरक्षण चिन्ता (Temporary Humanitarian Concern) (उपवर्ग 786) र सुरक्षित आश्रय उद्यम (Safe Haven Enterprise) (उपवर्ग 790) भिसा।

यी भिसा बाहकहरू अष्ट्रेलियामा पुगेको पाँच वर्ष पछि अथवा उनीहरूको योग्य आन्तरिक भिसाको हासिल भएको पाँच वर्षपछी SIS को लागि योग्य हुन सक्छ। केही असाधारण परिस्थितिहरूमा, अन्य भिसा सब-क्लासहरूको लागि पनि उक्त समयमा लचकता दिन सकिन्छ। अष्ट्रेलियन नागरिकहरु SIS लागि योग्य हुँदैनन्।

SIS को लागि योग्य व्यक्तिहरूले स्वतन्त्र रूपमा आवश्यक सेवाहरुकोलागि संलग्न भएको र बहुमुखि वा जटिल बाधाहरूले प्रभावित भएको हुन सक्छ भन्ने देखाउनु पर्दछ, जसमा निम्न पर्दछन्:

- असक्षमता
- स्वास्थ्य समस्याहरु जुन गम्भीर, खतरनाक, दीर्घकालिक र / वा अव्यवस्थित
- मानसिक स्वास्थ्य समस्याहरू
- घरबिहिन वा आवास अस्थिरता
- घरेलु वा पारिवारिक हिंसा
- बच्चा र युवा कल्याण चिन्ता
- परिवार र / वा सम्बन्ध बिच्छेद
- वित्तीय कठिनाई
- कानुनी समस्याहरू

## एक व्यक्तिलाई SIS को लागि कसरी सिफारिस गर्ने

कुनै पनि संस्था वा व्यक्तिले SIS को लागि सिफारिस गर्न सक्छ। सिफारिस गर्नको लागी, कृपया www.dss.gov.au बाट उपलब्ध एसआईएस सिफारिस फारम (SIS Referral Form) भर्नुहोस्।

यदि कुनै व्यक्ति SIS को लागी योग्य छ कि छैन भनेर तपाईं अनिश्चित हुनुहुन्छ सहयोगको लागि तपाईंले 1300 855 669 (अष्ट्रेलियामा नि: शुल्क कल) फोन गरेर वा SIS@dss.gov.au मा ई-मेल गरेर डिएसएस DSS लाई सम्पर्क गर्न सक्नुहुन्छ।

# HSP सेवा प्रदायकहरू

HSP अष्ट्रेलिया सरकारको तर्फबाट पांच सेवा प्रदायक द्वारा अष्ट्रेलिया भरका 11 क्षेत्रहरूमा वितरित गरिएको छ।

| HSP सेवा प्रदायक | राज्य | अनुबंधित क्षेत्र (हरू) | पुनर्वाश का स्थान (हरू) |
|---|---|---|---|
| Settlement Services International Limited | NSW | सिडनी; क्षेत्रीय एनएसडब्ल्यू (Sydney; Regional NSW) | सिडनी; न्यूकासल; कफ्स हार्वर; आर्मिडेल (Sydney; Newcastle; Coffs Harbour; Armidale) |
| Australian Red Cross | NSW/ACT | क्यानबेरा र सेरोफेरो (Canberra and surrounds) | क्यानबेरा; उलंङ्गन; वागा गागा; अलवुरी (Canberra; Wollongong; Wagga Wagga; Albury) |
| | WA | पश्चिमी अष्ट्रेलिया (Western Australia) | पर्थ (Perth) |
| AMES Australia | VIC | मेलबर्न; क्षेत्रीय भिक्टोरिया (Melbourne; Regional Victoria) | मेलबोर्न; मिलडुरा; सेफर्टन; जिलङ्ग; वडोङ्गा (Melbourne; Mildura; Shepparton; Geelong; Wodonga) |
| | SA | दक्षिण अष्ट्रेलिया (South Australia) | एडिलेड; माउन्ट गम्बियर (Adelaide; Mount Gambier) |
| | TAS | तस्मानिया (Tasmania) | होबर्ट; लनचेष्टन (Hobart; Launceston) |
| MDA Ltd | QLD | ब्रिसबेन र सेरोफेरो; नर्थ क्वीन्सल्याण्ड (Brisbane and surrounds; North Queensland) | ब्रिस्बेन; गोल्ड कोष्ट; लोगान; टोवोम्बा; केर्नज्; टाउनभिल (Brisbane; Gold Coast; Logan; Toowoomba; Cairns; Townsville) |
| Melaleuca Refugee Centre | NT | नर्दन टेरेटोरी (Northern Territory) | डार्विन (Darwin) |

HSP सेवा प्रदायकका सम्पर्क कार्यलय (सप फ्रेन्ट) स्थानहरू र सम्पर्क जानकारी www.dss.gov.au बाट उपलब्ध छ।

## थप जानकारी

HSP र डिएसएस DSS द्वारा प्रशासित अन्य स्थायित्व गतिविधिहरु बारेमा थप जानकारीको लागि www.dss.gov.au जानुहोस्